# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः १७** **मितिः पुष २३ गते, २०८०**


## भाग–२
## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०८० सालको कार्यविधि नं. १०
## चन्द्रागिरि नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः**

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं ६ मा स्वास्थ्य सेवामा स्वयंसेवकको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्ने व्यवस्था छ । नगरपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय भूमिकाको उच्च

मूल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई उत्प्रेरित गर्नका लागि सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२, चन्द्रागिरि नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४३ र चन्द्रागिरि नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "चन्द्रागिरि नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन कार्यविधि, २०८०" रहनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"ऐन"** भन्नाले चन्द्रागिरि नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ख) **"कार्यविधि"** भन्नाले "चन्द्रागिरि नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन कार्यविधि, २०८०" सम्झनु पर्दछ ।

(ग) **"छनौट"** भन्नाले पहिलो पटक वा पुनः तोकिएको प्रक्रिया र विधि पूरा गरी छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ ।

(घ) **"बिदाइ"** भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ ।

(ङ) **“महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका”** वा **“स्वयंसेविका”** भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरूमा सहयोग पुऱ्याउने स्वयंसेवी महिलालाई जनाउँछ । साथै यस शब्दले आमा समूहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ ।

**३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको उद्देश्य :**

१. स्वास्थ्य सम्बन्धी अत्यावश्यक ज्ञान र सीप प्रदान गरेर स्थानीय स्तरमा स्वास्थ्य समस्या समाधान गर्न महिलाहरूलाई सक्रिय बनाउने ।

२. स्वास्थ्य कार्यक्रमहरूलाई समुदायसम्म पुऱ्याउन सम्पर्क व्यक्तिको रुपमा कार्य गर्न इच्छुक स्वयंसेवीहरू तयार गर्ने ।

३. समुदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाहरू प्रदान गर्न स्वयंसेवीहरू तयार गर्ने ।

४. सामूदायिक स्वास्थ्यको विकासमा समूदायको सहभागिता अभिवृद्धि गर्ने ।

५. स्थानीय स्तरमा स्वास्थ्य संचारिकाको रुपमा बिकास गर्ने ।

६. उपलब्ध स्वास्थ्य सेवामा माग वृद्धि गरी स्वास्थ्य सेवाको उपयोगमा वृद्धि गर्ने ।

## परिच्छेद - २
## स्वयंसेविका छनौट, पदपूर्ति तथा बिदाइ एवं सेवा रद्द सम्बन्धी व्यवस्था

**४. स्वयंसेविका छनौटः** (१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको छनौट संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी राष्ट्रिय महिला

सामुदायिक स्वास्थ्य स्वयमसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन २०७६) को देहायको प्रावधान बमोजिम हुनेछः

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनुपर्ने,

(ख) कम्तीमा ५ बर्ष सेवा गर्न इर्च्छुक रहेको प्रतिबद्धता गरेको हुनुपर्ने,

(ग) समाजसेवा गर्न ईच्छा भएको हुनुपर्ने,

(घ) २५ वर्ष उमेर पूरा भई ४५ बर्ष उमेर ननाघेको महिला,

(ङ) राजनीतिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको,

(च) कुनै पनि लाभको पदमा बहाल नरहेको,

(छ) कम्तीमा SLC वा SEE उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ज) नेपाल सरकारबाट प्राप्त हुने कुनैपनि सेवा सुविधा नलिएको ।

(झ) विवाहित महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

(२) सीमान्तकृत, दलित, पिछडिएको वर्ग तथा सेवाको पहुँचबाट टाढा रहेका महिलालाई प्राथमिकता दिईनेछ ।

(३) स्वयंसेविका हुन ईच्छुक योग्यता पुगेका महिलाले लिखित निवेदन अनुसूची १ अनुसार सम्बन्धित स्वास्थ्य आमा समूहमा पेश गर्नुपर्ने छ । तर, कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारीले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाईने छैन ।

(४) स्वयंसेविका छनौट गर्दा सक्रिय आमा समूहले सम्बन्धित वडाका अध्यक्ष वा निजले खटाएको जनप्रतिनिधि र स्वास्थ्य संस्थाका इन्चार्ज वा कार्यक्रम हेर्ने फोकल पर्सनको रोहवरमा छनौट गर्नुपर्नेछ ।

**५. स्वयंसेविकाको पदपूर्ति सम्बन्धी व्यवस्थाः** (१) स्थानीय स्वास्थ्य आमा समूहको बैठकको सिफारिस अनुसार छनोट भै आएको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्बन्धित वडाको स्वास्थ्य व्यवस्थापन समितिको बैठकको निर्णय

बमोजिम स्वास्थ्य संस्था प्रमुखले नियुक्ति दिनेछ ।

६. **स्वयंसेविकाको भूमिकाः** (१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका मूलतः आफ्नो वडामा बसोबास गर्ने आमा तथा बालबालिकाको स्वास्थ्य प्रवर्द्धन गर्ने कार्यहरूमा केन्द्रित रहनेछ । स्वयंसेविकाहरूले स्वास्थ्य आमा समूहको माध्यमद्वारा समुदायमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्ने तथा स्थानीय स्तरमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउने कार्यमा सहयोगी भूमिका निर्वाह गर्नेछन् ।

(२) स्वयंसेविकाहरूले परिवार नियोजन, सुरक्षित मातृत्व, नवशिशु स्याहार, खोप कार्यक्रम, पोषण कार्यक्रम, सरुवा तथा महामारी रोगहरू, श्वास प्रश्वास तथा झाडापखाला रोकथाम तथा नियन्त्रण, वातावरणीय सरसफाई, स्वास्थ्य शिक्षा तथा अन्य राष्ट्रिय कार्यक्रमहरूमा सहयोगीको भूमिका निर्वाह गर्नेछन् ।

(३) नेपाल सरकार/प्रदेश सरकार र स्थानीय सरकारले निर्देशित गरेको समुदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वयंसेविकाहरूले निर्धारित औषधी वितरण तथा रोगको व्यवस्थापन पनि गर्न सक्नेछन् ।

(४) अन्य क्षेत्रमा स्वयंसेविकाले निर्वाह गर्नुपर्ने भूमिकाको दायरा सम्बन्धित कार्यक्रम निर्देशिकाहरूद्वारा परिभाषित गरे अनुरुप हुनेछ । तर, यसको लागि चन्द्रागिरि नगरपालिकाको समन्वय र सहमति अनिवार्य रहनेछ ।

(५) स्वयंसेविकाहरूले आफूले वर्षभरि गरेको कार्यको विवरण आफ्नो स्वास्थ्य आमा समूह तथा स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउनुपर्छ ।

(६) स्वयंसेविकाहरूले आफूले गरेको कृयाकलापहरूको प्रतिवेदन मासिक रूपमा तोकिएको दिनमा स्वास्थ्य संस्थामा स्वयम् उपस्थित भई बुझाउनुपर्छ ।

(७) प्रत्येक पाँच वर्षमा स्वास्थ्य आमा समूहले स्वयंसेविकालाई अर्को समयावधिको लागि पुनः छान्न सक्नेछन् ।

(८) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालन गर्नुपर्ने आचार संहिता अनुसूची–२ अनुसारको हुनेछ ।

## परिच्छेद - ३
## स्वास्थ्य आमा समूहको गठन र भूमिका सम्बन्धी व्यवस्था

**७. स्वास्थ्य आमा समूहको गठनः** (१) प्रत्येक वडामा हाल कार्यरत रहेका प्रत्येक महिला स्वास्थ्य स्वयंसेविका सदस्य सचिव रहने गरी निज कार्य गर्ने टोल बस्तीका प्रजनन उमेर समूहका सबै महिलाहरुको सहभागिता तथा सो वडाका अध्यक्ष वा निजका प्रतिनिधि र स्वास्थ्य संस्थाका प्रतिनिधिको रोहवरमा स्वास्थ्य आमा समूह गठन/पुनर्गठन गरिनेछ ।

(२) स्वास्थ्य आमा समूहमा कम्तीमा १५ जना सदस्य हुनेछन् । दलित, उत्पीडित र पिछडिएको समुदायका इच्छुक महिलाहरूलाई स्वास्थ्य आमा समूहमा सहभागी हुन उत्प्रेरित गरिनेछ । उक्त स्वास्थ्य आमा समूहमा १ जना अध्यक्ष र अन्य सदस्य रहनेछन् ।

(३) प्रत्येक स्वयंसेविकाको एउटा स्वास्थ्य आमा समूह हुनेछ ।

**८. स्वास्थ्य आमा समूहको भूमिकाः** (१) आपसी सहमतिमा सम्बन्धित वडाका अध्यक्ष वा निजले खटाएको जनप्रतिनिधि र स्वास्थ्य संस्थाको प्रतिनिधिको रोहवरमा महिला स्वास्थ्य स्वयंसेविका छनौट गर्ने ।

(२) स्वयंसेविकाको भूमिका निर्वाह गर्न अनिच्छुक भई राजिनामा गरेमा, कुनै पनि वैतनिक पदमा बहाली भएमा, शारीरिक अशक्तताका कारण असमर्थ भएमा, अन्यत्र बसाइँ सरी गएमा वा उमेरको हद वा अन्य व्यक्तिगत कारणले निस्कृय भएको अवस्थामा निजको बिदाई गरी सोही स्थानमा सम्बन्धित स्वास्थ्य आमा समूहले नयाँ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट गर्ने ।

(३) स्वास्थ्य आमा समूहको बैठक निर्धारित मिति र स्थानमा मासिक रुपमा नियमित बस्नेछ । यो बैठक बस्ने मिति स्वास्थ्य आमा समूहको छलफलबाट तय गर्नुपर्नेछ । साधारणतया गाउँघर क्लिनिक सञ्चालन भएको दिन अगावै गर्नु उपयुक्त हुन्छ ।

(४) स्वयंसेविकाहरूले आधारभुत तथा पुनर्ताजगी तालिमहरू तथा समीक्षा गोष्ठीहरूमा सिकेका स्वास्थ्य सम्बन्धी जानकारीहरू स्वास्थ्य आमा समूहको बैठकमा राखी छलफल गर्नुपर्दछ। स्वास्थ्य आमा समूहका सदस्यहरूले स्वास्थ्य सम्बन्धी तथा अन्य प्राप्त जानकारी समुदायका महिला तथा पुरुषहरूसम्म पुऱ्याउनु पर्दछ।

(५) स्वास्थ्य आमा समूहको मासिक बैठक बोलाउने तथा बैठकका छलफलका विषयबस्तु निर्धारण गर्ने काम महिला स्वास्थ्य स्वयंसेविकाको हुनेछ।

(६) स्वास्थ्य आमा समूहको बैठकमा आवश्यकता अनुसार स्थानीय तहमा निर्वाचित महिला प्रतिनिधि, शिक्षिका, स्वास्थ्यकर्मी तथा गैरसरकारी संस्थामा कार्यरत श्रोत व्यक्तिलाई आमन्त्रण गरी उनीहरूबाट प्राप्त ज्ञान र सिपबारे अन्य आमाहरूसम्म पुऱ्याउने प्रयास गर्नुपर्दछ।

(७) स्वास्थ्य आमा समूहको बैठकले वर्षमा एक पटक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कामको समीक्षा गरी स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउनु पर्नेछ।

(८) स्वास्थ्य आमा समूहका कृयाशील महिलाहरूलाई महिला स्वास्थ्य स्वयंसेविका कोषबाट ऋण सापटी लिने सुविधा उपलब्ध गराइने छ। यसको शर्त तथा आधार राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कोष संचालन निर्देशिकाले तोके बमोजिम हुनेछ।

**९. संरचनाः** (१) चन्द्रागिरि नगरपालिकाको नर्सिङ अधिकृत सो नभएमा नगरपालिकाको कार्यालयले तोकेको कर्मचारी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको पालिका स्तरमा सम्पर्क व्यक्ति हुनेछ।

(२) नगरपालिका स्तरमा संचालित स्वास्थ्यका कार्यक्रमहरूमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गर्ने तथा उनीहरूको कामको अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुखको हुनेछ, निजले सो स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरु मध्ये एक जना स्वास्थ्यकर्मीलाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम हेर्ने सम्पर्क व्यक्ति तोक्नेछ।

(३) कार्यक्रम हेर्ने सम्पर्क व्यक्तिले स्वास्थ्य आमा समूहको गठन गर्न सहयोग गर्ने तथा स्वास्थ्य आमा समूहलाई क्रियाशील तुल्याउनका साथै अभिमुखीकरण र अन्य आवश्यक सहयोग गर्ने काम गर्नेछन् ।

(४) यस कार्यविधि कार्यान्वयनको क्रममा आवश्यक परेमा सामाजिक विकास मन्त्रालय, वागमती प्रदेश र स्वास्थ्य कार्यालय काठमाडौं देखि स्थानीय स्तरसम्म अन्य सम्बन्धित निकायहरूसँग समन्वय गरिने छ ।

**१०. कार्यक्रमको योजना तथा अनुगमनः** (१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सम्बन्धी कृयाकलापहरूको समीक्षा गर्न तथा भावी योजना तर्जूमा गर्न प्रत्येक स्वास्थ्य संस्थामा ६/६ महिना (संभव भएसम्म कार्तिक र बैशाखमा) मा प्रत्येक चोटी २ दिनको अर्धवार्षिक योजना तथा समीक्षा बैठक सञ्चालन गरिने छ ।

(२) चन्द्रागिरि नगरपालिकाका सम्पूर्ण स्वयंसेविकाहरूको समीक्षा बैठक नगरपालिकाले प्रत्येक स्वास्थ्य संस्था स्तरमा आयोजना गर्नेछ र सो समीक्षा बैठकमा स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्यकर्मीहरुको समेत उपस्थिति रहनेछ ।

(३) समीक्षा बैठकमा समसामयिक स्वास्थ्य कार्यक्रमहरूको विषयमा छलफल गर्ने, स्वयंसेविकाबाट सम्पादित कार्यको समीक्षा गर्ने, योजना गर्ने, स्वास्थ्य समस्याको पहिचान र समाधान गर्ने, रजिष्टरको पुनरावलोकन गर्ने, स्वास्थ्य सम्बन्धि तथ्याङ्क संकलन गरी (जस्तैः मातृमृत्यु, नवशिशु मृत्यु, परिवार नियोजन सेवा पाइरहेको दम्पती संख्या) उनीहरूलाई सहयोगात्मक पृष्ठपोषण दिनुका साथै अत्यावश्यकीय सरसामानको आपूर्ति गरिनेछ ।

(४) समीक्षा बैठकमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको अभिबृद्धि तथा परिचालन बारे पनि छलफल गर्नुपर्नेछ ।

(५) समीक्षा बैठकमा स्वास्थ्य संस्था प्रमुखले सम्बन्धित वडाका अध्यक्ष वा निजका प्रतिनिधि सदस्य तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिका सदस्यलाई आमन्त्रित गर्न सक्नेछन् ।

**११. चन्द्रागिरि नगरपालिकास्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति संरचनाः**

| | |
|---|---|
| नगर उपप्रमुख | अध्यक्ष |
| सामाजिक विकास समितिको संयोजक | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| अध्यक्षले मनोनित गरेका १ जना लक्षित वर्गका व्यक्ति | सदस्य |
| अध्यक्षले तोकेको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको १ जना प्रतिनिधि | सदस्य |
| अध्यक्षले तोकेको स्थानीय स्वास्थ्यसँग सम्बन्धित संघसंस्थाको १ जना प्रतिनिधि | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

**१२. चन्द्रागिरि नगरपालिकास्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समितिको काम, कर्तव्य अधिकारः**

१. यस समितिको बैठक हरेक ६/६ महिनाको अन्तरालमा बसी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको समीक्षा गर्नुको साथै आवश्यकतानुसार कार्ययोजना तयार गर्ने ।

२. कार्यविधि अनुसार अनुगमन, समन्वय र निर्देशन गर्ने ।

३. आर्थिक श्रोत व्यवस्थापन गर्ने ।

४. गुनासो सुनुवाई तथा सहजीकरण गर्ने ।

**१३. बिदाइ :** (१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सेवाबाट अलग हुँदा कदरपत्र तथा अनुसूची ३ मा उल्लेख भए बमोजिमको एकमुष्ठ आर्थिक सहयोग प्रदान गर्न सकिनेछ ।

(२) स्वयंसेविकाको भूमिकाबाट अलग भएपछि पनि उनीहरूलाई स्वास्थ्य आमा समूहको सम्मानित सदस्यको रुपमा कृयाशील रहन उत्प्रेरित गरिने छ ।

**१४. कार्य अवधि:** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले ६० वर्षको उमेरसम्म काम गर्न पाउनेछन् । यदि कसैले ६० वर्षको उमेरपछि पनि स्वयंसेवा गर्न चाहेमा सरकारले उपलब्ध गराउने सेवा सुविधाहरू प्रदान गरिनेछैन ।

**१५. स्वयंसेविकाको बिदाइ:** (१) दफा ३ अनुसार छनौट र कार्यरत रहेका स्वयंसेविकाको देहायको अवस्थामा सेवाबाट बिदाइ हुनेछ :

(क) स्वयंसेविकाले आमा समूह समक्ष सेवा छाड्ने इच्छा जाहेर गरी बिदाइ लिएमा,

(ख) प्रत्येक पाँच वर्षमा आमा समूहबाट पुनः छनौट नभएमा,

(ग) राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संघसंस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

(घ) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि बसोबास गरेको अवस्था रहेमा ।

**१६. स्वयंसेविकाको पद रिक्त हुने अवस्था:** (१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रिक्त हुनेछ :

(क) स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाइएमा,

(ख) भ्रष्टाचार, अनुशासनको उल्लङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा,

(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहिं कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ति लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाइएमा ।

(घ) शारीरिक अशक्तताको कारण असमर्थ भएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वयंसेविकाले बिना सूचना तीन महिनासम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः पद रिक्त भएको मानिनेछ ।

(३) महिला स्वास्थ्य स्वयंसेविकाले तोकेको कर्तव्य पालना नगरेको तथा

खराब आचरण गरेको गुनासो तथा उजुरी परेमा स्थानीय आमा समूहको सिफारिसमा वडास्तरीय स्वास्थ्य व्यवस्थापन समितिको निर्णय बमोजिम कारवाही गरिनेछ । तर कारवाही गर्नु अगाडि सफाइको मौका दिइनेछ ।

## परिच्छेद - ३
## सेवा सुविधा सम्बन्धी व्यवस्था

**१७. सेवा तथा सुविधाः** (१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुविधा दाबी गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वयंसेविकाले मासिक रुपमा स्वास्थ्य आमा समूहको बैठक सञ्चालन, मासिक बैठकमा उपस्थिति, खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता क्रियाकलापमा उत्प्रेरणाको लागि अनुसूची ३ अनुसारको सेवा सुविधा नगरपालिकाबाट प्रदान गरिनेछ । साथै स्वयंसेविकालाई नेपाल सरकारबाट तोकिएका पोशाक खर्च लगायत अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ बमोजिम पद रिक्त भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराइने छैन ।

(४) सेवा सुविधा बैंक मार्फत उपलब्ध गराईनेछ ।

**१८. उत्प्रेरणाः** समुदायमा आधारित स्वास्थ्य कार्यक्रमहरूको सफल कार्यान्वयनको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई उत्प्रेरित गरी सक्रीय राख्ने उद्धेश्यले निम्न कार्यहरू गरिनेछन् :

क) महिला स्वास्थ्य स्वयंसेविका कोषः वडा स्तरमा स्थापित महिला स्वास्थ्य स्वयंसेविका कोषलाई कृयाशील बनाइने छ। महिला स्वास्थ्य स्वयंसेविका कोष संचालन निर्देशिकाले व्यवस्था गरे अनुसार कोषको प्रभावकारी संचालनका

लागि समुदायस्तरमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने तथा कोष परिचालनको अनुगमन कार्यलाई नियमित गरिनेछ ।

ख) हरेक वर्ष मनाइँदै आएको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसलाई निरन्तरता दिइनेछ ।

ग) प्रशंसनीय रुपमा कार्य गर्ने स्वयंसेविकाहरूलाई प्रोत्साहन स्वरुप प्रशंसापत्र प्रदान गर्ने, सार्वजनिक समारोहमा अभिनन्दन गर्ने तथा अवलोकन भ्रमणको अवसर प्रदान गर्ने प्रयास गरिनेछ ।

घ) स्वयंसेविकाको परिचयको लागि बनाइएको चिन्ह, बोर्ड, परिचयपत्र, नम्बर, पोशाकको राष्ट्रिय कार्यक्रम अनुसार नै निरन्तरता दिइनेछ ।

१९. **सुविधाहरूः** स्वास्थ्य कार्यक्रमहरूमा स्वयंसेविकाहरूको सहभागिता वृद्धि गर्न निम्न सुविधाहरूको व्यवस्था गरिनेछ ।

क) तालिम तथा समीक्षा बैठकहरूमा भाग लिँदा समय-समयमा तोके बमोजिमको यातायात खर्च ।

ख) स्थानीय सरकारको तर्फबाट परिचय पत्र, स्वयंसेविका बोर्ड, झोला, तोकिए अनुसारको औषधि र सामग्री सहितको सानो बाकस तथा कार्यक्रम अनुसारको आवश्यक सहयोग ।

ग) निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम अन्तरगत तोकिएका सेवाहरू ।

घ) स्थानीय सरकारले आवधिक रुपमा पोशाकको व्यवस्था । (संघीय सरकारबाट प्राप्त भएको खण्डमा सोही सुविधालाई मानिनेछ ।)

ङ) स्थानीय स्तरमा स्वयंसेविकाहरूलाई उपलब्ध गराउन सकिने सहयोगको लागि स्वास्थ्य कार्यालयले तथा वडा स्तरमा स्वास्थ्य संस्था प्रमुख तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिहरूले स्थानीय निकाय तथा सहयोगी संस्थाहरूसँग आवश्यक समन्वय गरी सहयोग पुऱ्याउनेछन् ।

च)	स्थानीय पहलमा उपलब्ध गराइएको सहयोग तथा श्रोतको जानकारी नगरपालिकामा स्वास्थ्य शाखा मार्फत गराउनु पर्नेछ ।

## परिच्छेद - ४
## विविध

२०. **अन्य छुट विषय सम्बन्धीः** यस कार्यविधिमा उल्लेख नभएका वा समावेस नभएका विषयका सम्बन्धमा चन्द्रागिरि नगरपालिका नगरकार्यपालिकाको निर्णय र प्रचलित कानुनबमोजिम हुनेछ ।

२१. **संशोधन तथा खारेजीः** चन्द्रागिरि नगरपालिका नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ ।

२२. **बचाउः** यो निर्देशिका जारी हुनु भन्दा अगाडि नियुक्त स्वयंमसेविकाहरूको योग्यता यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची - १

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हुनको लागि दिनुपर्ने निवेदन

मितिः............................

श्री स्वास्थ्य आमा समूह वडा नं.: ................

नगरपालिका : ........................................ जिल्लाः ............................

**विषयः महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भई काम गर्न पाऊँ ।**

महोदय,

म महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गर्न ईच्छुक भएकोले यो निवेदन पेश गरेकी छु । म स्वास्थ्य आमा समूहको नियम मान्न मञ्जुर रहेको ब्यहोरा पनि अनुरोध गर्दछु । साथै यसै निवेदन मार्फत महिला स्वास्थ्य स्वयंसेविकाको आचार संहितालाई पूर्णतः पालना गर्ने प्रतिवद्धता पनि ब्यक्त गर्दछु ।

निवेदिका : नाम थर :

ठेगानाः

दस्तखतः

नागरिकता प्रमाणपत्र नं.: जन्म मितिः

**स्वास्थ्य आमा समूहको निर्णय**

मिति............................ को दिन बसेको बैठकले .............................. जिल्ला ........................... नगरपालिका .......... वडा नं. बस्ने श्री ............................... नागरिकता प्रमाणपत्र नं. .............................. लाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रणनीतिमा उल्लेख गरिए बमोजिम आचार संहिता पालना गर्ने शर्तमा मिति ........................................ देखि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा राख्ने/अवधि थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | न.पा. | वार्ड नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

# अनुसूची – २

## (महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने आचारसंहिता)

क) अन्तर्राष्ट्रिय स्वयंसेवकको भावना अनुरुप स्वयंसेवी भावले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मूल मन्त्र मानी नैतिकता, ईमान्दारी र उच्च मनोबलका साथ कार्य गर्नेछु ।

ख) आफ्नो सीप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समुदायमा स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नेछु ।

ग) आफू सम्बद्ध स्वास्थ्य आमा समूहप्रति इमान्दारी तथा जवाफदेही र प्रतिबद्ध भई पूर्णरुपमा कार्य गर्नेछु ।

घ) स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाइको प्रवर्द्धन गर्नेछु ।

ङ) सिकेका ज्ञान र सीपको समुचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रबर्द्धन गर्न लगाउने छु ।

च) समुदायसँगको व्यवहारमा सधै विनम्र रुपमा सहयोगी हुनेछु ।

छ) सेवाग्राहीको गोपनीयता कायम राख्नेछु ।

ज) आर्जित ज्ञान र सीपलाई व्यक्तिगत फाइदाको लागि प्रयोग गर्नेछैन ।

झ) समुदाय, आमा र शिशुको उत्थानमा आफ्नो हृदय देखि नै लाग्नेछु ।

ञ) स्वास्थ्य आमा समूहलाई सशक्तीकरण गर्न तथा स्वास्थ्य सेवा सुदृढ गर्न यथाशक्य कोशिस गर्नेछु ।

ट) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्मअनुसार यसको दिगोपन र प्रयोगमा सहभागी हुनेछु ।

ठ) समुदाय तथा ब्यक्तिको मान्यता र संस्कृतिलाई आदर गरी पक्षपात रहित सेवा दिनेछु ।

ड) स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रुपले सहभागी हुनेछु ।

ढ) महिला स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने नीति, नियमको पालना गर्नेछु ।

ण) नगरपालिका अन्तर्गत सञ्चालित कार्यक्रमलाई प्राथमिकताका साथ सम्पन्न गर्नेछु ।

त) कुनै पनि तलवी कार्यमा नियुक्त भएमा महिला स्वास्थ्य स्वयंसेविकाको उत्तरदायित्वबाट स्वत: बहिर्गमन हुनेछु ।

थ) जात, लिङ्ग, धर्म, भाषा र उमेर, शारीरिक सक्षमता, राजनीतिक विचारधारा तथा मान्यताले मेरो कार्यमा बाधा पर्नेछैन भनी विश्वास दिलाउँदछु ।

द) आधिकारिक कार्यक्रमहरू हुँदा आफ्नो राजनीतिक विश्वास बारे प्रचारप्रसार गर्नेछैन ।

स्वयंसेविकाको नामथरः दस्तखतः मितिः

रोहवर :

स्वास्थ्य व्यवस्थापन समितिको अध्यक्षको नामथरः दस्तखतः मितिः

## अनुसूची -३

### दफा १६ (२) सँग सम्बन्धित महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले पाउने सेवा सुविधा

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको बिदाइमा सम्मान स्वरुप तपसिल बमोजिमको रकम उपलब्ध गराउने ।

१) पहिलो वर्ष - रु. १,२५,०००/- (आ.व. ०८०/०८१ मा विदाई भएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकामा समेत लागु हुनेछ ।)
   - क) १० - १५ वर्ष सेवा गरे वापत तोकिएको दरमा ५० प्रतिशत
   - ख) १५ - २० वर्ष सेवा गरे वापत तोकिएको दरमा ७५ प्रतिशत
   - ग) २० वर्षभन्दा बढी ६० वर्षभन्दा कम सेवा गरेमा ७५ प्रतिशत
   - घ) ६० वर्ष उमेर पूरा भई कार्यगर्न छाडेमा १०० प्रतिशत

२) दोस्रो वर्ष - रु. १,५०,०००/-
   - क) १० - १५ वर्ष सेवा गरे वापत तोकिएको दरमा ५० प्रतिशत
   - ख) १५ - २० वर्ष सेवा गरे वापत तोकिएको दरमा ७५ प्रतिशत
   - ग) २० वर्षभन्दा बढी ६० वर्षभन्दा कम सेवा गरेमा ७५ प्रतिशत
   - घ) ६० वर्ष उमेर पूरा भई कार्यगर्न छाडेमा १०० प्रतिशत

३) तेस्रो वर्ष - रु. १,७५,०००/-
   - क) १० - १५ वर्ष सेवा गरे वापत तोकिएको दरमा ५० प्रतिशत
   - ख) १५ - २० वर्ष सेवा गरे वापत तोकिएको दरमा ७५ प्रतिशत
   - ग) २० वर्षभन्दा बढी ६० वर्षभन्दा कम सेवा गरेमा ७५ प्रतिशत
   - घ) ६० वर्ष उमेर पूरा भई कार्यगर्न छाडेमा १०० प्रतिशत

४) चौथो वर्षदेखि - रु. २,००,०००/-
   - क) १० - १५ वर्ष सेवा गरे वापत तोकिएको दरमा ५० प्रतिशत
   - ख) १५ - २० वर्ष सेवा गरे वापत तोकिएको दरमा ७५ प्रतिशत
   - ग) २० वर्षभन्दा बढी ६० वर्षभन्दा कम सेवा गरेमा ७५ प्रतिशत
   - घ) ६० वर्ष उमेर पूरा भई कार्यगर्न छाडेमा १०० प्रतिशत

५) मासिक प्रोत्साहन वापत प्रति महिना रु. ३,०००/- (तीनहजार)

(स्वास्थ्य संस्थाबाट महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले गरेको स्वास्थ्य आमा समूहको बैठक र मासिक कार्य सम्पादनको सिफारिसको आधारमा भुक्तानी गरिनेछ ।)

प्रमाणीकरण: २०८० पुष २३ गते

आज्ञाले

मुल्य रू. १०/-

हेमराज अर्याल

प्रमुख प्रशासकीय अधिकृत